१२१४/८२८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ६३६/२०७२/०७३

निर्णय नं. ८२७

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल .......................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपाल नागरिक उडड्यन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल.......१ प्रत्यर्थी

सूचना अधिकारी, नेपाल नागरिक उडड्यन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल .....१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले नेपाल नागरिक उडड्यन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१।१३ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक्र हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपाल नागरिक उडड्यन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. आर्थिक वर्ष २०७०।७१ र ०७१।०७२ मा भि.भि.आई.पी, भि.आई.पी को लागि विमानस्थलको कक्षमा खाजा, खाना तथा अन्य कार्यमा भएको खर्चको विल भर्पाईको प्रतिलिपि ।

२. आर्थिक वर्ष ०७०।०७१ र ०७१।०७२ मा विमानस्थल भित्र विभिन्न निर्माण कार्यमा भएका खर्चसँग सम्वन्धित विवरण ।

३. विमानस्थल परिसरमा रहेका विभिन्न पसलहरु भाडामा दिदां भएको सम्झौताको प्रतिलिपि ।

४. विमानस्थलको पार्किङ एरियामा रहेका होडिङ्गबोर्ड सम्बन्धी सम्झौता ।

५. भन्सारको कार्गोमा यस कार्यालयवाट सरकारी बाहेक क कसलाई प्रवेश पास दिईएको छ सो सम्वन्धी भएका टिप्पणी तथा निर्णय आदेशहरु र पास लिएकाहरुको विवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७३ साल जेठ २ गते रोज १ शुभम् ।